परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १४८ पृष्ठ ४ २०८० कार्तीक २१ गते, मंगलबार 7 Nov., 2023 मूल्य रु. ५/-



समाचार पृष्ठ ३ मा

विश्वकपमा छनोट हुने राष्ट्रिय टोलीलाई ५० लाख नगदसहित सम्मान गर्ने क्यानको निर्णय

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

प्रधानाध्यापक मृत्यु प्रकरण

## प्रधानाध्यापक साहको हत्या भएको भन्दै विरोधमा
## पूर्वपश्चिम राजमार्ग अवरुद्ध, पत्नीद्वारा आत्मदाहको चेतावनी



• टक नेपाल

सिरहा । सिराहाको गोलबजार नगरपालिका- ३ जमदहमा रहेको सरस्वती माध्यमिक विद्यालयमा मृत भेटिएका प्रधानाध्यापक सञ्जीवकुमार साहको हत्या भएको भन्दै परिवारजन र स्थानीयले विरोधमा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका छन् । स्थानीय र परिवारजनले सिराहाको मिर्चैया बजारको कटारीचोकमा घटनाको छानबिन र दोषीलाई कारबाहीको मागसहित प्रदर्शन गरेका हुन् । पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरी विरोध भएसँगै सयौं सवारीसाधन अलपत्र परेका छन् । प्रहरीले अवरुद्ध राजमार्ग खुलाउन पीडित परिवार र स्थानीयसँग समन्वय गरिरहेको छ ।

**घटना के हो ?**

गोलबजार नगरपालिका- ३ जमदहस्थित सरस्वती माध्यमिक विद्यालयको निर्माणाधीन भवनको तेस्रो तल्लामा प्रअ साह आइतबार झुन्डिएको अवस्थामा फेला परेका थिए । विद्यालयका सहयोगीलाई उनले रिचार्ज कार्ड किन्न पठाएका थिए । सहयोगी फर्किएसँगै प्रअलाई खोजतलास गर्दा झुन्डिएको अवस्थामा भेटेपछि प्रहरीलाई खबर गरेका थिए । उनको दुवै खुट्टा भुइँमा छोएको बताइएको छ। घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

**पत्नीद्वारा आत्मदाहको चेतावनी**

प्रअ साहकी पत्नी मीनाकुमारी साह राजमार्गमै सुतेर घटनाको निष्पक्ष छानबिन गरी हत्यारालाई कारबाही नगरिए 'आत्मदाह'को चेतावनी दिएकी छिन् । विद्यालय व्यवस्थापन समिति गठन भएदेखि श्रीमानलाई बढी प्रेसर थपिएको भन्दै उनले समितिले कुनै काम गर्न नदिएको बताएकी छिन् । व्यवस्थापन समितिको दबाबका कारण सरुवा हुन खोजे पनि हुन नदिएको उनको भनाइ छ ।

आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## नगरपालिकाले स्थानीय खेलाडीलाई मासिक भत्ता दिने

• टक नेपाल

महोत्तरी । महोत्तरीको बर्दिवास नगरपालिकाले पालिकामा छनोट भएका खेलाडीहरुलाई मासिक भत्ता दिने भएको छ । पहिलो चरणमा फुटवल खेलमा वडा वडावाट पालिकामा छनोट भएका खेलाडीहरुलाई प्रोत्साहन गर्ने उदेश्यले मासिक भत्ता दिने भएको हो । बर्दिवास खेलकुद समितिको अनुसार १४ वटै वडावाट पारम्भिक चरणमा ३३ जना



खेलाडी छनोट भएका छन् । ३३ जनावाट पनि उत्कृष्ट २२ जनालाई मात्र छनोट गर्ने नगर खेलकुद समितिका अध्यक्ष दिपेन्द्र शिवभक्तिले जानकारी दिए ।

बाँकी पृष्ठ ३ मा

## महोत्तरीबाट पेस्तोल देखाएर ५० लाख लुटपाट, प्रतिकारमा चार जना घाइते

• टक नेपाल

महोत्तरी । महोत्तरीको जलेश्वर नगरपालिका वडा नम्बर ८ रतवारा गाउँमा गए राति डाकाहरुको समूहले बन्दुकको आडमा ५० लाख बढीको लुटपाट गरेका छन् । जयकिशोर चौधरीको घरमा गए राति १:३० बजे पेस्तोल, खुकुरी, रड र अन्य हतियारसहित प्रवेश गरेका नकाबधारी पाँच डाकाको समूहले परिवारका सबै सदस्यलाई नियन्त्रणमा लिएर लुटपाट गरेको जिल्ला प्रहरी कार्यालयका



प्रमुख प्रहरी उपरीक्षक प्रकाश मल्लले बताए । डाकाहरुले घर धनी ५० वर्षीय जयकिशोर चौधरी, ४८ वर्षीय उनकी पत्नी सीमा, ६७ वर्षीय बुवा भुवनेश्वर र ६५ वर्षीया आमा शैलदेवी चौधरीमाथि पेस्तोल देखाउँदै नियन्त्रणमा लिएर सबैलाई भान्सा कोठामा बन्द गरेका थिए ।

बाँकी पृष्ठ ३ मा



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# परिवारको चित्त बुझाऊ

बाराको कलैयामा विद्यालय संचालक रुपेश सरार्फ माथि गएको हप्ता गोली प्रहार भयो र सरार्फको हत्याका विषयमा विभिन्न कुरा आए । सरार्फको हत्याका विषयमा शुरुमा जे आँकलन गरिएको थियो । त्यसको विपरित कुरा आयो । प्रहरीले हत्यामा संलग्न रहेको भन्दै दुई दिनपछि केहीलाई सार्वजनिक पनि गर्यो तर यसमा परिवारको सहमति रहेन । परिवार अहिले पीडामा छ र शोकमा छ । परिवारले चित्त नबुझाउनु आफैमा अर्को पीडाको कुरा हो ।प्रहरीले गरेको अनुसंधानको सवालमा किन प्रश्न उठ्ने ठाउँ आयो भन्ने कुरा मुल हो । परिवारको मानिस गुमाउँदाको पीडा यसै त कति हुन्छ त्यसको थप व्याख्या आवश्यक नै भएन त्यसो त दोश्रो प्रहरीले गरेको अनुसंधान नै किन नागरिकहरुलाई विश्वास भएन भन्ने पनि हो । बारा प्रहरीले गरेको अनुसंधान त्यसो त चित्त बुझ्नो पनि छैन । हत्यामा संलग्न मुख्य व्यक्ति भनेर भनिएको व्यक्ति नै फरार छ अनि कसरी प्रहरीले पक्राउ गरेको व्यक्तिहरु सबै दोषी हुन् भन्ने र ?उनीहरु निर्दोष पनि नहोलान् तर प्रहरीको अनुसंधान सबै हिसावले चित्तबुझ्दो भने छैन । त्यसैगरी प्रहरीले हत्यामा सहयोग भूमिका निर्वाहा गरेको भन्दै नियन्त्रणमा लिएर सार्वजनिक गरेका रुपेशको विद्यालयका २ जना शिक्षकको बारेमा पनि प्रश्न खडा भएको छ । परिवारका सदस्य आफन्त एक जना शिक्षक घटनाको बेला वीरगञ्जमा रहेको र अर्को शिक्षकले गोली लागेर घाइते अवस्थामा रुपेशलाई मोटरसाइकलमा राखेर अस्पताल पुर्याएको बताएका छन । शिक्षक पक्राउ बारेमा प्रहरीको दाबी र मृतक परिवारका सदस्यहरुको भनाईमा फरक परेपछि समग्र अनुसन्धानमाथि नै प्रश्न खडा हुनु स्वाभाविक पनि हो ।प्रहरीले परिवारलाई चित्त बुझाउन सक्नुपर्दछ । अनुसंधानमा के समस्या थियो त्यो बारेमा पनि परिवारका सदस्यहरुलाई आवश्यकता अनुसार जानकारी दिनुपर्छ यो विषयमा परिवार र सर्वसाधारणलाई स्पष्ट पार्ने काम प्रहरीको नै हो । बारा प्रहरीले अझैपनि यो घटनामा सुझबुझ पूर्ण तरिकाले काम गर्न आवश्यक छ ।

# सेयर बजारमा २१ अंकको सुधार, कारोबार रकम घट्यो



● टक नेपाल

काठमाडौं । साताको दोस्रो दिन सेयर बजारमा उल्लेख्य सुधार आएको छ । सोमबार नेप्से परिसूचक २१.३० अंकले बढेको हो । अघिल्लो दिन आइतबार नेप्सेमा २१ अंककै गिरावट आएको थियो । सोमबार नेप्से १.१६ प्रतिशतले बढेर १८४७.५४ अंकमा कायम भएको छ । कारोबारमा आएका १ सय ९९ कम्पनीको मूल्य बढ्दा सेयर बजार बढेको हो । ३२ कम्पनीको मूल्य घट्दा ६ वटाको भने स्थिर रहे । नेप्से बढेको दिन बजारमा ४७ हजार २ सय ३१ कारोबारमार्फत् २ सय ८३ स्क्रिप्टको ३५ लाख ५५ हजार ६ सय ७९ इकाइ सेयर ९३ करोड ८९ लाख २९ हजार ४० रुपैयाँमा किनबेच भए । कारोबार रकम आइतबारको तुलनामा ३ अर्ब ३४ करोड रुपैयाँ कम हो । यसदिन सोल्टी होटलको सर्वाधिक ६ करोड ४३ लाख रुपैयाँको सेयर कारोबार भएको छ । यसैगरी सोनापुर मिनिरल्स एन्ड आयलको ५ करोड ६२ लाख रुपैयाँको किनबेच हुँदा हाथवे इन्भेस्टमेन्ट, हिमालयन बैंकको संस्थापक सेयर र मञ्जुश्री फाइनान्स कारोबार र कमको आधारमा शीर्ष ५ मा परे । नेप्से बढेको दिन हावथेका लगानीकर्ताले सर्वाधिक कमाए । कम्पनीको सेयर मूल्य ९.९८ प्रतिशतले बढ्दा सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको सेयर मूल्य पनि ९.९३ प्रतिशतले बढेको छ । मूल्य बढ्ने कम्पनीको सुचीमा आशा लघुवित्त, दिव्यश्वरी हाइड्रो र माइखोला हाइड्रो शीर्ष ५ मा अटाएका छन् । यता लक्ष्मी लघुवित्तको सेयर मुल्य सर्वाधिक ४.२८ प्रतिशतले घटेको छ । मूल्य घट्ने सेयरको सूचीमा विन नेपाल लघुवित्त, एनआईसी एसिया लघुवित्त, एनआईसी एसिया ब्यालेन्स्ड फन्ड र मायाखोला हाइड्रो अगाडि रहे । नेप्से बढेको दिन सेन्सिटिभ इन्डेक्स ३.३३ अंकले बढेर ३५५.७३ अंकमा कायम भएको छ भने कारोबारमा आएका सबै समूहको उपसूचक बढेका छन् । तीमध्ये होटल तथा पर्यटन समूह सर्वाधिक ३.७३ प्रतिशत र निर्जीवन बीमा समूह २.३६ प्रतिशतले बढेका छन् । सेयर बजार बढ्दा लगानीकर्ताको कुल सम्पत्ति ३३ अर्ब रुपैयाँले बढेको छ । आइतबार कारोबार समाप्तिसम्म २८ खर्ब १३ अर्ब १९ करोड बजार पुँजीकरण सोमबारको कारोबार समाप्तिसम्म २८ खर्ब ४८ अर्ब १ करोड रुपैयाँ कायम भएको छ ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)




हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
044-550527/9801050527/9801150527

# 'युनिभर्सल' सर्टिफिकेट सहित सेन्सर पास भयो 'दिमाग खराब'




● टक नेपाल

काठमाडौं । निश्चल बस्नेतको चौथो निर्देशकीय सिनेमा 'दिमाग खराब' सेन्सर पास भएको छ । आइतबार भएको सेन्सरमा सिनेमाले केन्द्रीय जाँस पास समिति (सेन्सर बोर्ड) बाट युनिभर्सस सर्टिफिकेट पाएको छ । यसको अर्थ यो सिनेमा सबै उमेर समूहले हेर्न पाउनेछन् । सिनेमा आगामी शुक्रबार २४ गते रिलिज हुँदैछ । उत्कृष्ट बने को भन्दै सेन्सर सदस्यहरुले सिनेमाको तारिफ गरेका छन् । 'सेन्सर पदाधिकारीले हाम्रो सिनेमालाई देशको समसामायिक कथामा उत्कृष्ट सिनेमा निर्माण गर्नु भएको रहेछ भनेर तारिफ गर्नु भयो', निर्माता रौनक विक्रम कडेलले भने । रिलिजको संघारमा रहेको निर्माण टिमले सिनेमाको प्रचार प्रसारमा कुनै कसर बाँकी राखेको छैन् । व्यापक प्रचारको फाइदा बक्सअफिस व्यापारमा पनि रुपान्तरित हुने अपेक्षा गरिएको छ । सिनेमा आर्ट्स र ब्ल्याक हर्स पिक्चर्सको निर्माण रहेको सिनेमामा खगेन्द्र लामिछाने, दयाहाङ राई, स्वस्तिमा खड्का, अपर्ण थापा, विजय बराल, सुमन कार्की, पुष्कर गुरुङ, माओत्से गुरुङ, राजन खतिवडा, रमा थपलिया, गौरभी आरएल सिंह, गीत अधिकारी, कृष्णभक्त महर्जन, धीरज भट्ट, राहुल सिवाकोटी, नविन खड्कालगायतको पनि अभिनय छ । निर्देशक निश्चल बस्नेत र भिनेत्री सुपुष्पा भट्ट पनि सिनेमाको एक गीतमा विशेष भुमिकामा देखिएका छन् । आकाश बरालको लेखन र मनोज पण्डित स्क्रिप्ट डाक्टर रहेको सिनेमा सामाजिक–राजनीतिक विषयमा केन्द्रित रहेको छ । रौनक विक्रम कडेल निर्माता रहेको सिनेमामा सुरज बम ठकुरी कार्यकारी निर्माताको रुपमा रहेका छन् । सिनेमामा सुसन प्रजापतिको छायांकन, निमेष श्रेष्ठको सम्पादन, जयन के बाइबा र बाबुल गिरीको संगीत, राजकुमार उप्रेतीको द्वन्द्व निर्देशन तथा रोहित शाक्यको ब्याकग्राउन्ड स्कोर छ । सिनेमालाई काठमाडौं भित्र गोविन्द शाहीको काफिया फिल्मस् र मोफसलमा मनोज राठी र उज्वल पौडेलले वितरण गर्दैछन् ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ । | तुला | प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । |
| बृष | स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । | वृश्चिक | कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ । |
| मिथुन | समयमा होस नपुग्नाले अनायासै व्यवधान देखा पर्न सक्छ । | धनु | प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । |
| कर्कट | आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ । | मकर | व्यवसायको सन्दर्भमा यात्राको अवसर जुट्नेछ । |
| सिंह | खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ । | कुम्भ | स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । |
| कन्या | मिहिनेत गर्दा आयस्रोत फेला पर्नेछन् । | मीन | प्रतीक्षा गरिएको नतिजा अलि कमजोर आउला । |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# विश्वकपमा छनोट हुने राष्ट्रिय टोलीलाई ५० लाख नगदसहित सम्मान गर्ने क्यानको निर्णय



**• टक नेपाल**

काठमाडौं । नेपाल क्रिकेट संघ (क्यान)ले आइसीसी टी-२० विश्वकपमा छनोट हुने नेपाली राष्ट्रिय टोलीलाई ५० लाख नगद पुरस्कार बाट सम्मान गर्ने भएको छ । सोमबार बसेको केन्द्रीय कार्यसमितिको बैठकले हालै नेपालमा सम्पन्न प्रतियोगितामा अमेरिका र वेस्ट इन्डिजमा हुने टी-२० विश्वकपमा छनोट हुने नेपाली टोलीलाई ५० लाख नगदसहित सम्मान गर्ने निर्णय गरेको सचिव पारस खड्काले जानकारी दिए । त्यस्तै यु-१९ टोलीका सदस्यलाई जनही ५० हजारका दरले नगद पुरस्का दिइने भएको छ । मलेसियामा सम्पन्न एसीसी यु-१९ प्रमियर कपको उपाधि जितेर एसिया कपमा छनोट भएको युवा टोलीलाई नगदसहित सम्मान गरिने सचिव खड्काको भनाइ छ । त्यस्तै हङकङमा आयोजना हुने चार देश सम्मलित महिला टी-२० आई सिरिजमा राष्ट्रिय महिला क्रिकेट टोलीको सहभागिता हुने भएको छ । सचिव खड्काका अनुसार एसिया छनोटको फाइनमा संकलित कूल रकमको ५० प्रतिशत भुकम्प पीडितको उद्धारका लागि सहयोग गर्ने निर्णयसमेत भएको छ ।

# विश्वकपमा खराब प्रदर्शनबीच खेलकुद मन्त्रीले गरे श्रीलंकन क्रिकेट बोर्ड निलम्बन



**• टक नेपाल**

कोलम्बो । श्रीलंकाका खेलकुद मन्त्री रोसन रानासिंघेले त्यहाँको राष्ट्रिय क्रिकेट बोर्ड निलम्बन गरेका छन् । भ्रष्ट्राचार र अनियमितताको आरोप लगाउँदै रानासिंघेले अर्जुन रानातुंगाको संयोजकत्वमा तदर्थ समिति बनाएका छन्। रानासिंघेले त्यसअघि बोर्ड पदाधिकारीलाई राजीनामा दिन आग्रह गरेका थिए । गत वर्ष अस्ट्रेलियामा भएको टी-२० विश्वकपका क्रममा श्रीलंकन क्रिकेट बोर्डका पदाधिकारीले अनियमितता गरेको आरोप लगाइएको छ । सात सदस्यीय तदर्थ समितिमा तीन जना पूर्व न्यायाधीशलाई पनि राखिएको छ। भारतमा जारी एकदिवशीय विश्वकपमा श्रीलंकाले खराब प्रदर्शन गरिरहेको छ । ७ खेल खेल्ने क्रममा केवल २ खेल जितेको श्रीलंका पहिलो चरणबाटै बाहिरिने संघारमा छ ।

# सरकारले मृतकका नाममा २ लाख...

मन्त्रिपरिषद् बैठकले जीविकाका स्रोत संरक्षण र पशुधन सुरक्षाको व्यवस्था मिलाउने, भूकम्पबाट आवास क्षति भएका परिवार लाई अस्थायी बसोबासका लागि तत्काल टहराहरू निर्माण गर्ने, भूकम्पबाट प्रभावित व्यक्तिहरूको सरकारी स्वास्थ्य संस्थाहरूले निःशुल्क उपचार को व्यवस्था गर्ने र सावधानीका निमित्त भूगोलको अध्ययनका आधारमा आगामी दिनमा बस्ती विकास गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ। भूकम्प प्रभावितको उद्धार, राहत र पुनःस्थापनाका लागि प्रदेश सरकारहरूले सहयोगको घोषणा गरेका छन्। लुम्बिनी र वाग्मती प्रदेश सरकारले डेढ करोड तथा गण्डकी र सुदूरपश्चिम प्रदेश सर कारले १ करोडका दरले सहयोग उपलब्ध गराउने निर्णय गरेका छन्। स्थानीय तहहरूले पनि आर्थिक तथा तात्कालिक सहायता गरेका छन्। सल्यानका १० वटै स्थानीय तहले एक/एक लाखका दरले आर्थिक संकलन गरी प्रभावित क्षेत्रका जिल्ला विपद् कोषमा पठाउने निर्णय गरेका छन्। पोखरा महानगर पालिकाले घाइतेको उपचारका लागि औषधिसहित राहत सामग्री पठाएको छ। महानगर पालिका-७ का वडाध्यक्ष राममोहन आचार्यको नेतृत्वमा चिकित्सकसहित १७ जनाको टोली प्रभावित क्षेत्रमा गएको छ। विभिन्न व्यक्ति तथा संघसंस्थाले पनि सहयोगको घोषणा गरेका छन्। पूर्वराज्यमन्त्री तथा एलए एजुकेसन गुप्रका संस्थापक उमेश श्रेष्ठले भूकम्पमा बाबुआमा दुवै गुमाउने छात्रछात्रालाई २ करोड रुपैयाँको छात्रवृत्ति उपलब्ध गराउने घोषणा गरेका छन्। भूकम्पमा परी बाबुआमाविहीन भएका १० जना छात्रछात्रालाई उच्च माध्यमिक तहसम्म आवासीय सुविधासहितको निःशुल्क शिक्षा प्रदान गरिने उनले जनाएका छन्। छात्रछात्रा ५/५ जनालाई एलए ग्रुपअन्तर्गतका शिक्षण संस्थाबाट आवासीय सुविधासहितको निःशुल्क शिक्षा प्रदान गरिने उनको भनाइ छ।

# नगरपालिकाले स्थानीय खेलाडीलाई...

खेलाडीहरुको मनोवल वढाउन पालिकाले शैक्षिक खर्च पनि बेहोर्ने भएको छ । खेलवाट नै जिविकोपार्जन गर्न सक्ने वातावरण तयार नहुदा प्रतिभावान खेलाडीहरु प्रदेश पलायन भएको वताउँदै नगरले राष्ट्रियरुपमा नै खेलाडी उत्पादन गर्ने अभियान अघि बढाएको अध्यक्ष शिवभक्तिले वताए । आगामी आर्थिक बर्षवाट खेलका अन्य विधाहरुलाई पनि समेटने नगरपालिकाले जनाएको छ । 'हरेक क्षेत्रलाई हामी नया ढंगले विकास गर्न चाहन्छौं,' नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीले भने । सोमबार एक पत्रकार सम्मेलन गरेर पारम्भिक चरणमा छनोट भएका खेलाडीहरुलाई खेलसामाग्री समेत वितरण गरिएको छ। होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले ३३ थान ट्र्याकसुट, स्थानीय व्यापारी कुमार भण्डारी र कमल पोखरेलले पानी पिउने बोत्तल र जर्सी सहयोग गरेको नगर खेलकुद समितिले जनाएको छ। नेकपा एमालेका युवा नेता कुमार भण्डारीले नगर खेलकुदको नाममा भएको बजेट यसअघि दुरुपयोग भएको वताउदै अहिले उक्त बजेट सिर्जनात्मक ढंगले प्रयोग भएको बताए ।

# महोत्तरीबाट पेस्तोल देखाएर ५० लाख...

मल्लका अनुसार कोठाभित्र रहेका दराज, बक्सालगायत तोडफोड गरी लाखौंको सुन, चाँदी र नगद लुटपाट गरेका छन्। घरको पछाडिबाट घरभित्र छिरेका उनीहरुले भित्र छिर्नेबित्तिकै चारै जनामाथि धारिलो हतियार प्रहार गर्दै टाउको फुटाउनुका साथै हात, मुक्का र लात्तीले पटक-पटक हान्दै १:३० देखि करिब २ बजेसम्म लुटपाट गरेका पीडित परिवारले जनाएका छन्। डाकाको प्रहारबाट घाइते भएका सबैको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भइरहेको प्रहरी उपरीक्षक मल्लले बताए। डाकाहरुले चौधरीको घरबाट रू एक लाख नगद, ४० तोला बढी सुनका गरगहना, अढाई किलो चाँदीका गरगहना, एक लाख ७५ हजार मूल्य बराबारको मोबाइल फोन मोबाइल १ थान गरी ५० लाख बढी लुटपाट गरेका छन् । अस्पतालमा उपचाररत चौधरीका बुवा भुवनेश्वरको टाउकोमा आठ वटा टाँका लगाइएको छ भने अन्यको पनि टाउकोमा चोट लागेको प्रहरी उपरीक्षक मल्लले बताए । घटनाबारे प्रहरीलाई बिहान मात्रै जानकारी भएको बताउँदै उनले पीडित परिवारलाई भेटेर सोधपुछ गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको बताए ।

प्रो. सुरेश चौधरी
मो. ९८५११०९९१९, ९८०६८००९१९
श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रो सेवाहरु
- २४ सै घण्टा इमरजेन्सी सेवा
- २४ सै घण्टा मिडियो एक्स-रे सेवा
- २४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
- २४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
- इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
- हाड जोनी तथा नशा रोग सेवा
- कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
- HDU, ICU, NICU सेवा
- २४ सै घण्टा डिलेभरी सेवा
- २४ सै घण्टा अपरेशन सेवा
- २४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
- छाती, मुटु तथा पेट रोग विशेषज्ञ
- पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ

विशेषज्ञ डाक्टरद्धारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415



खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।



सुशिल ढकाल
०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# आरतीका परिवारलाई छलफल गर्न गृह मन्त्रालयले बोलायो



● टक नेपाल

काठमाडौं । आरती साहको हत्या भएकोमा न्याय दिन र दोषीलाई कारबाही गर्न माग गर्दै धर्नामा रहेका परिवारजनलाई गृह मन्त्रालयले छलफल गर्न बोलाएको छ । आरतीका बुवा विनोदप्रसाद साहलाई सम्बोधन गर्दै गृह मन्त्रालयका शाखा अधिकृत दिनेश न्यौपानेले छलफलका लागि पत्र पठाएको उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठका प्रेस सल्लाहकार कमल गिरीले नेपाल प्रेसलाई जानकारी दिए । उनका अनुसार साहको तर्फबाट आधिकारिक प्रतिनिधि तोकी निष्कर्षसहित घर फर्कने वातावरण तयार गर्न मन्त्रालयमा छलफल गर्न बोलाइएको हो । आरतीको न्यायका लागि यसअघि पनि गृह मन्त्रालयमा वार्ता तथा छलफल भएको थियो । घटनाप्रति मन्त्रालयको गम्भीर चासो रहेको, सत्यतथ्य छानबिन गरिएको र केही विषय सम्बोधनसमेत भएको प्रेस सल्लाहकार गिरीले बताए ।

**चर्पीमा मात्र दिसापिसाब गरौं ।**
**गाउँघरलाई सफा र स्वच्छ राखौं ।**
आ - आफ्नो बालबालिका जन्मेको ३५ दिन भित्र सम्मन्धीत वडा कार्यालयबाट जन्मदर्ता बनाऔं ।
**बर्दिवास नगरपालिका कार्यालय**
**बर्दिवास, महोत्तरी**

# सरकारले मृतकका नाममा २ लाख दिने



● टक नेपाल

काठमाडौं । जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर शुक्रबार मध्यरात गएको भूकम्पबाट पीडितको उद्धार, राहत र पुनःस्थापनाका लागि संघीय सरकारले तात्कालिक राहतका साथै एक वर्षभित्र पुनःस्थापना गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा आइतबार बिहान बसेको मन्त्रिपरिषद् आकस्मिक बैठकले विभिन्न १८ निर्णय गरेको छ। सरकारकी प्रवक्तासमेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार मृतकका परिवारलाई २ लाख रुपैयाँका दरले राहत उपलब्ध गराउने निर्णय गरेको छ। उद्धार, उपचार र पुनःस्थापनालाई सँगसँगै अघि बढाउने निर्णयसमेत भएको उनको भनाइ छ। 'खोज, उद्धार, तत्काल राहत र घाइतेहरूको निःशुल्क उपचारमा प्राथमिकता दिनुका साथै भूकम्पबाट विस्थापित भएका परिवारलाई अस्थायी आवास, खाद्यान्न र सुरक्षा प्रबन्ध मिलाउने निर्णय भएको छ,' उनले भनिन्। सरकारले एकद्वार प्रणालीबाट मात्रै राहत वितरण गर्ने निर्णय गरेको छ। राहत वितरणलाई व्यवस्थित गर्न यस्तो निर्णय गरिएको प्रवक्ता शर्माले बताइन्। अब भूकम्पबाट पीडितलाई व्यक्ति वा संस्थाहरूले सिधै राहत रकम वा कुनै पनि सामग्री वितरण गर्न नपाउने भएका छन्। 'सरकारले सुर्खेतलाई मुख्य सम्पर्कस्थल र नेपालगन्जलाई सहायक सम्पर्कस्थल बनाई खोज, उद्धार र राहतसम्बन्धी कार्य एकद्वार प्रणालीबाट व्यवस्थापन मिलाउने निर्णय गरेको छ,' उनले भनिन्, 'त्यहाँ संकलित सामग्रीहरू सरकारी संयन्त्रमार्फत प्रदेश र स्थानीय सरकारले पीडितहरूलाई वितरण गर्नेछन्।' कसैले पनि व्यक्तिगत वा संस्थागत रूपमा सिधै पीडितहरूलाई भेटेर राहत वितरण गर्दा त्यसको कुनै रेकर्ड नहुने, कसैले दोहोरिएर राहत पाउने र कसैले एक पटक पनि नपाउने अवस्था हुने भएकाले राहत वितरणलाई एकद्वार बनाउने निर्णय भएको उनको भनाइ छ। मन्त्रिपरिषद् बैठकले छिमेकी देशहरूसहित दातृ निकायबाट औपचारिक रूपमा प्राप्त हुने सहयोगलाई स्वीकार गर्ने निर्णयसमेत मन्त्री शर्माले जानकारी दिइन् । सरकारले क्षतिग्रस्त क्षेत्रको पुनर्निर्माणलाई एकीकृत कार्ययोजना बनाई अघि बढाउने निर्णय गरेको छ। सहरी विकास मन्त्रालयमार्फत भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको तथ्यांक संकलन गर्ने र तथ्यांक संकलन भइसकेपछि पुनर्निर्माण गर्नुपर्ने संरचनाहरूको संख्या यकिन गरी एक वर्षभित्र पुनर्निर्माण गरिसक्ने निर्णय गरेको सहरी विकासमन्त्री सीता गुरुङले बताइन्। उनका अनुसार सार्वजनिक खरिद नियमावलीअनुसार काम गर्न ढिला हुने अवस्था भए संकटग्रस्त जिल्लाका रूपमा ती क्षेत्रमा काम गर्न अलग्गै कार्यविधिको प्रबन्ध गरेर छरितो बाटोबाट पुनर्निर्माणको काम गर्ने निर्णय गरेको छ। 'घर निर्माण गर्दा जमिनको अवस्था अध्ययन गर्नुपर्ने र बस्ती विकास गर्दा भवनसंहिता अनिवार्य लागू गराउने निर्णयसमेत गरेको छ,' उनले भनिन्।

बाँकी पृष्ठ ३ मा

# भाइटीकाको शुभ साइत बिहान १० बजेर ५१ मिनेटमा




● टक नेपाल

काठमाडौं । भाइटीकाको साइत सार्वजनिक भएको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिले २०८० सालको भाइटीकाको शुभ साइत कार्तिक २९ गते बुधबार बिहान १० बजेर ५१ मिनेटमा रहेको जानकारी गराएको हो । समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले सोमबार विज्ञप्ति जारी गर्दै भाइटीकाको साइत सार्वजनिक गरेका हुन् ।

# जाजरकोटमा फेरि भूकम्प



● टक नेपाल

काठमाडौं । जाजरकोटमा फेरि ५.८ म्याग्निच्युडको भूकम्प गएको छ । सोमबार दिउँसो ४ बजेर ३१ मिनेटमा जाजरकोटको रामिडाँडा केन्द्रबिन्दु गएको हो । परकम्प राष्ट्रिय भूकम्प मापन केन्द्रले भूकम्प गएको जनाएको छ । गत शुक्रबार जाजरकोटको रामिडाँडा केन्द्रबिन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प गएको थियो ।

सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।
सभ्य नागरिकको परिचय दिऔं ।

**Healthy Living Nepal Pvt. Ltd.**
HEALTHY LIVING
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
**बैजनाथ चौधरी**
**मो. ९८४४२५१७९९, ९७०३७७४७८४**
**हरेक प्रोडक्टमा बम्पर अफर !**






**जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)**

**घर भाडा सम्बन्धी सूचना**

महोत्तरीको गौशाला नगरपालिका ५ स्थित समिर गेष्ट हाउस रहेको भवनको पहिलो तला खाली रहेको हुँदा भाडामा लिन चाहनु हुने व्यक्ति अथवा संस्थाले विस्तृत जानकारी एवं उक्त स्थान अवलोकनको लागि तपशिल बमोजिमका ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

**घरधनीको नाम : साबिर हुसेन**
**ठेगाना : गौशाला नगरपालिका- ५**
**मो. : 9819879988, 9844275864**



"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

| LIVER FUNCTION TEST | WHOLE BODY CHECKUP | CARDIAC PROFILE | DIABETS PACKAGE |
| --- | --- | --- | --- |
| - Bilubine Total/Direst<br>- SGOT<br>- SGPT<br>- ALP<br>- Total Protine<br>- Albumine<br>- Globline<br>- AG-Ratio<br>- GGT | -CBC<br>- RBC<br>- LFT/RFT<br>- TSH<br>- URINE R/E<br>- LIPID PROFILE<br>- USG/ECG/X-RAY | - CPK<br>- CK MB<br>- SGOT<br>- TROPONIN<br>- LDH<br>- TOTAL CHOLESTEROL<br>- TRIGCYCERIDE | - URIN R/E<br>- RFT<br>- LIPID PROFILE<br>- CBC<br>- Glucose/F/PP<br>- MICRO AIBUMIN<br>- HBAIC |
| Rs. 2800/- | Rs. 6000/- | Rs. 5000/- | Rs. 4800/- |

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रबन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com